Nepal 18(45)



# कीर्तिमान र चिट्ठाको उद्योग

किताबलाई सिनेमा र समाजसँग जोडेर पढ्ने गर्छु। काव्यमा गहिरो रुचि छ मेरो। फुर्सदमा साहित्य पनि पढ्छु। तर, समाजशास्त्र र अर्थशास्त्रको अध्ययनमै आफूलाई केन्द्रित गर्दैछु। मलाई धेरै नै छोएको पुस्तक सेरी ओट्नरको *लाइफ एन्ड डेथ अन माउन्ट एभरेस्ट* हो। सगरमाथा आधार शिविरमा दशकौं बसेरै हिमाल चढ्ने शेर्पाहरूका बारेमा लेखिएको यो पुस्तक पीएचडी गर्दै पढेकी हुँ। सेरी ओट्नर शेर्पाहरूको जातीय पहिचानभन्दा पेसागत पहिचानमा जोड दिने मानवशास्त्री रहेछन्।

हुन त, हिमाल बलिया व्यक्तिले चढ्ने हो। तर, बेलायती उपनिवेशवादी राजनीति थियो- सगरमाथा चढ्ने पहिलो कीर्तिमानी बेलायती या बेलायती आशीर्वाद प्राप्त देशको नागरिक हुनुपर्छ। बेलायती साम्राज्यको अनुमतिबेगर कीर्तिमान राख्नै नसक्ने अवस्था थियो।

कीर्तिमान-उद्योग सुरु भएपछि शेर्पा-पहिचान र पेसा सुरु भयो। शेर्पा र साहेब भनिने दुई वर्ग निर्माण भएपछि गोराहरू दाता र शेर्पाहरू वफादार जातिका रूपमा 'अनुकरण-प्रक्रिया'मा अभ्यस्त भए। यिनै विषयवरपर डुलेको यस पुस्तकमा उपनिवेशवादी प्रभुत्व र जातीय वर्गवाद अझै जीवित रहेको निष्कर्ष छ।

कीर्तिमानी उद्योगमा जेलिएका सामाजिक, राजनीतिक र अन्तर्राष्ट्रिय तत्त्वलाई नजिकबाट बुझ्न सरल/सूक्ष्म शैलीमा लेखिएको यो किताब उपयोगी हुन सक्छ।










उद्योगलाई प्राविधिक रूपमा अर्थशास्त्रीहरूले मात्र बुझिने भाषामा प्रस्तुत गरिन्छ। मुनाफा, माग-पूर्ति, कर, उद्योग-नीतिजस्ता पक्षमा छलफल हुन्छन्। तर, यस्ता बहसमा मानव श्रमिकका मुद्दा ओझेल पर्छन्। त्यसैले किताब छनोटको मेरो आधार मानव अर्थशास्त्रीय मेथडोलोजी हो। उद्योग वा व्यवसायलाई मानव पक्षीय दृष्टिले हेर्नु मेरो रुचिको केन्द्र हो। हेनरी स्याहु र किथहार्डका लेखनले मलाई महत्त्वपूर्ण पुस्तक छनोट गर्न सघाएका छन्।

मेरो मन पर्ने अर्को किताब हो, *लर्निङ टु लेबर*। मार्क्सवादी ढाँचामा लेखिएको पउल विल्सको यो क्लासिक किताबमा स्कुले कक्षाकोठाभित्रको एथ्नोग्राफी छ। युवा पुस्तामा दुई खालका विद्यार्थी पाउँछन् लेखक। एक खालको छ- शिक्षकले भनेको मान्नुपर्छ, मिहिनेत गर्नुपर्छ, राम्रो अंक ल्याउनुपर्छ अनि राम्रो जागिर पाएपछि समाजमा उच्च हैसियत बन्छ भन्ने आशावादी समूह। अर्को खालको छ- पढेर केही हुन्न, शिक्षकले भनेको मान्नैपर्छ भन्ने केही छैन, पढेर पाउने जागिर केही उपलब्धि होइन भन्ने समूह। दोस्रो खाले विद्यार्थीहरू ठान्छन्- अफिसमा बसेर फाइल मिलाउने र छाप लगाउने दैनिकी कुनै काम होइन। काम त कामैजस्तो हुनुपर्छ, जसमा पसिना बगोस् र काम गर्‍यौं भन्ने आत्माभिमान पनि रहोस्।

किताबमा हयामर्नटाउन भन्ने काल्पनिक ठाउँ सिर्जना गरी वर्गको नवीकरण र विकासप्रतिको आशा-विक्रीलाई खुलस्त नंग्याइएको छ। भारतमा बस्दा 'पुँजीवाद अध्ययन समूह'मा एक मित्रले यो पुस्तक सिफारिस गरेपछि मात्र जानकारी पाएकी हुँ। अहिले त प्रायः वाम अर्थशास्त्रीसँग पीडीएफ कपी हुन सक्छ। मलाई अति नै प्रभाव पारेको यो किताब अर्थशास्त्रीहरूले गहन अध्ययन गरिदिए हुन्थ्यो, लाग्छ।



तस्बिर : बिजु महर्जन

मल्लिका शाक्य
मानवशास्त्री

यी दुई किताबसँग *चिल्ड्रेन अफ द पायर* भन्ने डकुमेन्ट्रीलाई जोडेर पढें। वाराणसीमा लास जलाउने बच्चाहरूको पेसामाथि बनाइएको यो वृत्तचित्रलाई पुस्तक अध्ययनसँग गाँस्दा अर्थ बृहत्तर भएझैं लाग्यो। अतः समाज पढ्दा तथ्यांक र प्रविधिका पक्षलाई मात्र जोड नदिएर मानवीय पक्षलाई पनि मनन गर्नु राम्रो हुन्छ।

समाज बुझ्न चाहनेहरूलाई मैले सिफारिस गर्ने किताबसूचीमा चार्ल्स पिओटको *नोस्ताल्जिया फर द फ्युचर* छ। टोगो नामक सानो अफ्रिकी देशको 'अमेरिकी डीभी' भर्ने जनलहरको कथा छ, पुस्तकमा। चिट्ठा खुलेपछि जनसंख्याको ठूलो हिस्सा फारम भर्न लालायित हुने, अन्तर्वार्ताको तालिम दिने व्यवसायदेखि कोटा वृद्धिको आन्दोलनजस्ता रोचक प्रसंगले म पटक-पटक सोच्न बाध्य भएँ। चिट्ठा पर्ने आशामा रक्सी त्यागेर चर्चमा प्रार्थना गर्न आउने मानिसको हूलबारे पढ्दा रोमाञ्चित भएकी थिएँ।

राष्ट्रवाद जमिनसँग मात्र जोडिँदैन भन्ने आवाज मुखर छ यसमा। त्यहाँका जनता सोच्छन्- अमेरिकामा पनि कालाहरूको राष्ट्रवाद विकास हुनुपर्छ किनभने अमेरिका निर्माणमा दासत्वको तहबाटै किन नहोस्, कालाले पनि गोरा जातिले जत्ति नै योगदान गरेका छन्।

म सन् २०११ मा दक्षिण अफ्रिकाको केपटाउन पुगेकी थिएँ। संयोगले चार्ल्स पिओट र म एउटै होटलमा परेछौं। उनको प्रत्यक्ष लेक्चर सुनिसकेकी थिएँ। उनीसँग परिचय भएपछि विषयगत छलफल भयो। मैले आफ्नो अध्ययनको क्षेत्र बताएँ। र, उनले मलाई यो पुस्तक हस्ताक्षरसहित दिए। त्यो आफैंमा अविस्मरणीय क्षण थियो। सानो भए पनि दिगो प्रभाव पारेको पुस्तक हो यो।

नेपाली अर्थशास्त्रमा वाम अतिवाद हावी भएको आरोप लाग्ने गरेको छ। तर, डेबिड हार्वेको शब्दमा नवउदारवाद एकदम हावी भइसकेपछि नवजडसूत्रवादमा रूपान्तरित हुन्छ। नेपालमा मौलिक आर्थिक नीतिको अभाव रहेको विकराल स्थितिमा काव्यिक, दार्शनिक स्वादका यी किताबको अध्ययन झन् सान्दर्भिक देख्छु।

प्रस्तुति : **गुरुङ सुशान्त**